# ११. श्री गोविन्दबहादुर मल्ल 'गोठाले'

*[संवत् २०५६ साल आश्विन २६ गते रोज ४ का दिन आयोजित समारोहमा "नेपाली भाषा-साहित्यका विविध विधामा खास गरेर कथा, नाटक र उपन्यासमा गत पाँच दशकभन्दा बढी समयदेखि उच्चदर्जाका कृतिहरूको सिर्जना गरी नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरेबापत" प्रदान गरिएको संवत् २०५५ सालको पुरस्कार 'जगदम्बा-श्री' ग्रहण गरेपछि श्री गोविन्दबहादुर मल्ल 'गोठाले'ले व्यक्त गर्नुभएको उद्गार। यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १६० बाट उद्धृत गरिएको हो।]*

सभापतिज्यू तथा समग्र साहित्यप्रेमीहरू !

सबभन्दा पहिले आज मैले जुन 'जगदम्बा-श्री' पुरस्कार प्राप्त गरेको छु त्यसको निम्ति म मदन-पुरस्कार गुठीप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, प्रत्येक गुठीयारप्रति पनि छुट्टै-छुट्टै हार्दिक आभार व्यक्त गर्दछु। मैले सम्पादक इत्यादि भएर जति नेपाली साहित्यको सेवा गरेको छु र सकी नसकी जति कथा, नाटक, उपन्यास र संस्मरण लेखेको छु त्यसको कदर हुन गएकोमा आफूलाई सन्तुष्टि प्राप्त हुनाको साथै सम्मानित भएको पनि महसुस गरेको छु।

मदन पुरस्कार गुठीको जन्म हुनु नेपालको निम्ति एउटा ऐतिहासिक घटना हो। एउटा शुभघटना हो। यो घटना घटित गर्ने जगदम्बा रानीलाई नेपालले अनन्तकालसम्म सम्झिरहनेछन् र त्यस्तै नेपाली जनता अनन्तकालसम्म कृतज्ञ भइरहनेछन् भन्ने मलाई लाग्छ। जहाँसम्म मलाई लाग्छ यो जन्मेको दिन अथवा यो स्थापना भएको दिन त्यसबेला भएका जति साहित्यिकहरू थिए सबै आशावादी भएका थिए। साहित्यिकहरूलाई मदन पुरस्कारद्वारा आर्थिक लाभसहित कदर गरेर प्रोत्साहित गर्ने परम्पराको सुरुआत भएको थियो। यसले साहित्यिकहरूलाई कति प्रेरित गऱ्यो होला र गर्नेछ त्यो साहित्यको इतिहासले बताउनेछ। 'मदन पुरस्कार'को थालनी भएको केही वर्षपछि 'जगदम्बा-श्री' पुरस्कारको पनि थालनी हुनाले मदन पुरस्कार गुठीमा एउटा नयाँ अध्याय थपिन गएको थियो। यो 'जगदम्बा-श्री' पुरस्कारले रचनात्मक लेखकबाहेक अरू

प्रकारले भाषा तथा साहित्यको सेवा गर्नेलाई पनि सम्मान गर्ने परम्परा बसालेको छ जुन स्वयं नै प्रशंसनीय छ।

अन्त्यमा, 'मदन पुरस्कार' प्राप्त गरेर नेपाली भाषा-भाषी तथा नेपाली समाज धन्य भएका छन्। यसले गर्दा संस्थापिका स्वर्गीय जगदम्बा रानी सदासर्वदा धन्यवादको पात्र हुनुभएको छ। साथै, दिने सँगसँगै दिलाउने पनि त्यत्तिकै मात्रामा श्रेयका पात्र छन् भनेझैं स्वर्गीय केदारमणि दीक्षित तथा उनका छोरा कमलमणि दीक्षित पनि त्यत्तिकै धन्यवादका पात्र हुनुभएका छन्।

धन्यवाद !

☒ ☒ ☒